विर्तामोड नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,विर्तामोड र
अर्जुनधारा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, शनिश्चरे
झापा
१ नं. प्रदेश, नेपाल

(☎)
५४०२४४
५४०३१५

## आन्तरिक आय संकलनको लागि
## वोलपत्र आव्हान गरिएको सुचना

*प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२२*

विर्तामोड नगरपालिकाले चालु आ. व. ०७७/०७८ वांकी अवधिमा उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले कार्यालय समय भित्र ३० औ दिन सम्म बोलपत्र खरिद गर्न र ३१ औ दिनको १२:०० बजे भित्र इ-विडिङबाट दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) वार्षिक | बोलपत्र/ दस्तुर |
|---|---|---|---|
| ४ | सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) | ५०,०१,०००।- (अक्षरुपी पचास लाख एक हजार मात्र) | ३०००।- (तीन हजार मात्र फिर्ता नहुने गरी ) |

**शर्तहरु**

१) ईच्छुक वोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ. ब. २०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र पेश गरी इ-विडिङ बाट बोलपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) खरिद गरिएको बोलपत्र भरी ३१ औं दिनको १२:०० बजे भित्रमा इ-विडिङ मार्फत दाखिला गरिसक्नु पर्नेछ । इ-विडिङमा पर्न आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्र फाराममा कबोलअंक अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।केरमेट भएमा केरमेट भएको ठाउंमा बोलपत्रदाताले स्पष्ट सही छाप गरेको हुनु पर्नेछ ।

४) बोलपत्र फारम खरिद बापतको रकम यस कार्यलयको एन आइ सि एसिया बैङ शाखा विर्ताबजारको हि. नं.-२४६CA५००१८८७०००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नुपर्ने छ ।

४) बोलपत्र/मा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एन आइ सि एसिया बैङ शाखा विर्ताबजारको हि. नं.-२४६ CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० ( एक सय विस ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६) बोलपत्रदाताहरुले नगरपालिकालाई वुझाउनु पर्ने वाँकी कर, वक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बांकी कर, वक्यौता रकम नबुझाएसम्म निजले बोलपत्र खरिद गर्न पाउने छैन ।

७) बोलपत्रदाताले नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी ठेक्काको ठेक्का नं समेत उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

८) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमश: भोलिपल्ट हुनेछ ।

९) ठेक्का स्वीकृत गर्ने वा, नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२) यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ ।

गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत